**चौतारा साँगाचोकगढी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**चौतारा, सिन्धुपाल्चोक**
**३ नं. प्रदेश, नेपाल**

# आन्तरिक आय तर्फको शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७६/०५/०३(आय ठेक्का नं. ३/०७६/०७७ को हकमा दोस्रो पटक प्रकाशित)**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ घ (१) घ(२) र घ(६) मा भएको व्यवस्था, नगरपालिकाको आन्तरिक आय संकलन कार्यविधी २०७५, प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन, ३ नं. प्रदेश सरकारको प्रदेश आर्थिक ऐन, २०७५, ३ नं. प्रदेश सरकारको नदीजन्य पदार्थ (संकलन र उपयोग) सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि, २०७५र नगरपालिकाको विज्ञापन कर निर्देशिका, २०७५ मा भएको ब्यवस्था तथा चौतारा साँगाचोकगढी नगर सभाबाट पारित करका दरहरु र नगर कार्यपालिकाको निर्णयानुसार देहायका शिर्षकहरुमा कर तथा शुल्क असुली सम्बन्धी काम आ.व. २०७६/७७ को लागि ठेक्काद्धारा गराउन यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानूनी प्रक्रिया पूरा गरेका इच्छुक फर्महरुले बोलपत्र खरिद गरी देहायको मिति र समय भित्र शिलबन्दी बोलपत्र यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ ।अन्य थप जानकारीका लागि कार्यालय समयभित्र चौतारा सांगाचोकगढी नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**ठेक्का विवरण**

<table>
<tr><th>आय ठेक्का नं.</th><th>ठेक्काको विवरण</th><th>आ.व. ०७६/७७ को लागि निर्धारण ढुंङ्गा , गिटी, बालुवा, स्लेट, ग्राभेल र रोडा घाटगद्दि एवं विक्री (स्वीकृत खानी क्षेत्र बाहेक) संकलन तथा विक्री परिमाण (घनफिटमा)</th><th colspan="2">आ.व. ०७५/७६ को लागि निर्धारण ढुंङ्गा , गिटी, बालुवा, स्लेट, ग्राभेल र रोडा घाटगद्दि एवं विक्री (स्वीकृत खानी क्षेत्र बाहेक) संकलन शुल्क रु ३ तथा विक्री शुल्क रु ६ गरी जम्मा प्रति घनफिट रु</th><th>ढुंङ्गा, गिटी, बालुवा, स्लेट, ग्राभेल र रोडा घाटगद्दि एवं विक्री (स्वीकृत खानी क्षेत्र बाहेक) संकलन तथा विक्री शुल्क वापत हुने कुल न्यूनतम अंङ्क (कर तथा भ्याट बाहेक)</th><th>बोलपत्र दस्तुर</th><th>धरौटी</th></tr>
<tr><td>३/०७६/०७७</td><td>वलेफी नदी तर्फको चौतारा साँगाचोकगढी नगरपालिकाको बतासे स्थित गणेश मन्दिर बालुवा देखी बलेफी बजारसम्मको क्षेत्रमा ढुंङ्गा, गिटी, बालुवा, स्लेट, ग्राभेल र रोडा घाटगद्दि एवं विक्री (स्वीकृत खानी क्षेत्र बाहेक)</td><td>३११,११२।–<br>(एकतिस लाख एघार हजार एक सय बाह्र घनफिट)</td><td colspan="2">९ ।-</td><td>२,८००,००८।–<br>(रु अट्ठाईस लाख आठ मात्र)</td><td>३,०००।-<br>(तिन हजार)</td><td rowspan="9">कुल कबोल अङ्कको ५ प्रतिशत</td></tr>
<tr><td>७/०७६/०७७</td><td>चौतारा साँगाचोकगढी नगरपालिका क्षेत्रभित्र होर्डिङ बोर्ड,साइन बोर्ड, व्यानर, ट्राई भिजन बोर्ड, ग्लोसाइन बोर्ड, स्टल, डिजिटल बोर्ड, धातुको फ्रेम वा कुनै स्थानमा लगाउने, विद्युत तथा सोलार वत्तीको खम्बामा प्रयोग गरिएको प्रचार सामाग्री लेख्ने वा प्रचारको लागि प्रयोग गरिएको विद्युतीय तरंग आदिको विज्ञापन शुल्क वापतको आय संकलन</td><td colspan="3">परिचय पाटी/साइन वोर्ड रु १००।- होर्डिङ वोर्ड रु १००।- नियोन साइन वोर्ड रु १००।- ग्लोसाइन(विद्युतीय)वोर्ड रु २००।- चलचित्र वोर्ड रु ३००।- त्रिभिजन वोर्ड रु २००।- स्कोरल भिजन वोर्ड रु २००।- ड्व्यानर/फिल्मी पोष्टर रु १२००।- आकाशे वेलुन रु १००।- व्यवसायीक भवन प्रवेशद्वार विज्ञापन गेट रु १०००।- गाडीमा बोकी विज्ञापन रु १००।- स्टल रु १०००।- व्याग प्याग रु १००।- वाकिंग वेलुन रु १००।- पोल व्यानर रु १००।- जात्रामेला खेलकुद विज्ञापन रु १००।- सटर पेन्टिङ रु २०।- डि.पि.एस वोर्ड रु ५०।- लाईट वोर्ड रु ८०।- डिजिटल होर्डिङ वोर्ड रु १००।- का दरले विज्ञापन शुल्क वापतको रकम असुल गर्ने ।</td><td>२७५,०००।–<br>(रु दुई लाख पचहत्तर हजार मात्र)</td><td>१,०००।-<br>(एक हजार)</td></tr>
<tr><td rowspan="4">८/०७६/०७७</td><td rowspan="4">चौतारा साँगाचोकगढी नगरपालिकाको वडा नं ५, चौतारा स्थित स्थानीय विकास अधिकारीको क्वाटरको तलदेखी टुडीखेल चोकसम्म हेभी सवारी साधन, मझौला सवारी साधन, हलुका सवारी साधन, मोटरसाईकल आदिको पार्किङ्ग शुल्क वापतको आय संकलन</td><td>ट्रक, बस, लोरी, ट्रिपर डोजर, व्याकलोडर लगायत अन्य हेभि सवारी साधन</td><td>पहिलो २(दुई) घण्टा सम्म<br>२५।-</td><td>२(दुई)घण्टाभन्दा बढी<br>३५।-</td><td rowspan="4">१००,०००।–<br>(रु एक लाख मात्र)</td><td rowspan="4">१,०००।-<br>(एक हजार)</td></tr>
<tr><td>मिनीवस, मिनीट्रक लगायत अन्य मझौला सवारी साधन</td><td>२०।-</td><td>३०।-</td></tr>
<tr><td>माईक्रो बस, जिप, कार, ट्याक्सी, भ्यान, डेलिभरी भ्यान, अटोरिक्सा, ईरिक्सा लगायत अन्य हलुका सवारी साधन</td><td>१५।-</td><td>२५।-</td></tr>
<tr><td>मोटरसाईकल, स्कुटर, मोपेड, ट्याक्टर</td><td>१०।-</td><td>२०।-</td></tr>
<tr><td rowspan="3">९/०७६/०७७</td><td rowspan="3">चौतारा साँगाचोकगढी नगरपालिका क्षेत्रभित्र संकलन तथा विक्री हुने जडिबुटी, कवाडी तथा जिवजन्तु आदिको जडिबुटी, कवाडी तथा जिवजन्तु कर वापतको आय संकलन</td><td colspan="3">खाली सिसि वियर वोतल रु १ प्रति गोटा, खाली सीसी (मदिरा र अन्य) ५०० एम.एल.भन्दा माथि ५० पैसा प्रति गोटा, खाली सिसि (मदिरा र अन्य) ५०० एम.एल.भन्दा तल २५ पैसा प्रति गोटा, प्लास्टिक ( बोतल, भाँडाकुँडा, पुराना जुत्ता, चपल, ग्यालन र जर्किन आदि) रु १ प्रति के.जी, खाली वोरा (५० के.जी सम्म खाद्यान्न अँट्ने प्लाष्टिक/जुटका बोरा) २५ पैसा प्रति गोटा, खाली वोरा (१०० के.जी सम्म खाद्यान्न अँट्ने जुटका बोरा) ५० पैसा प्रति गोटा, तेलको टिन( १० लिटर भन्दा बढी अँट्ने ठूलो) रु २ प्रति गोटा, तेलको टिन( १० लिटर भन्दा कम अँट्ने सानो) रु १ प्रति गोटा, झिन्डु (प्रकृतिक र कृत्रिम उनका टुका) रु २ प्रति के.जी, गार्मेण्टको कपडाको टुका रु २ प्रति के.जी, जलेको मोविल रु १ प्रति लिटर, जुट र प्लाष्टिकका बोरा २० पैसा प्रति के.जी, कार्पेटका टुका रु २ प्रति के.जी, टायर ट्यूव रु २ प्रति के.जी, थोत्रो टिन ५० पैसा प्रति के.जी पुरानो ड्रम ५० पैसा प्रति के.जी, पुरानो कागज(अखबार/न्यूजप्रिन्ट) ५० पैसा प्रति के.जी, पुरानो कागज(अन्य कागज कार्टुन समेत) रु १ प्रति के.जी, फलामका टुकाहरु र थोत्रिएर काम नलाग्ने मेशिनरी औजार रु २ प्रति के.जी, अन्य धातु(पित्तल, तामा आदि) टुकाहरु र सोबाट बनेका सामानहरु रु २.५ प्रति के.जी, पोलिथिन पाइपका टुकाहरु रु १ प्रति के.जी, सिसा (लिड) को धुलो वा टुका रु ४ प्रति के.जी, काँचको धुलो र टुका रु १ प्रति के.जी का दरले कवाडी संकलन तथा विक्री कर वापतको रकम असुल गर्ने ।</td><td rowspan="3">२००,०००।–<br>(रु दुई लाख मात्र)</td><td rowspan="3">१,०००।-<br>(एक हजार)</td></tr>
<tr><td colspan="3">लप्सी निकासी प्रति बोरा २५, उन(प्राकृतिक, कृत्रिम, जगर) १० पैसा प्रति के.जी, खोटा ५० पैसा प्रति के.जी, वनकस (खर), वाबियो, मलहन पत्ता, छ्वाली, पराल, वगास, निगालो, लोक्ता, पटेर, अम्लिसो रु ५० प्रति गाडा,रु ७५ ट्र्याकटर,रु १०० प्रति ट्रक, बाँस रु ५० प्रति गोटा, सुतिको डण्डल कतरन नसल २५ पैसा प्रति के.जी, सालको बियाँ रु १ प्रति के.जी, सल्लाको सिम्टा २५ पैसा प्रति के.जी, पथ्थर कोइला १० पैसा प्रति के.जी, मिनरिल वाटर २० पैसा प्रति वोतल, भट्टामा प्रयोग गर्ने माटो ५० पैसा प्रति वर्ग मिटर, ईट्टा रु २५ प्रति एक हजार गोटामा, सिमेण्ट रु १ प्रति बोरा का दरले जडिवुटी संकलन तथा विक्री कर वापतको रकम असुल गर्ने ।</td></tr>
<tr><td colspan="3">प्रचतित कानुनले निषेधित गरे बाहेकका पंछिहरु जस्तै हाँस, कुखुरा जस्ता पंछिहरुको प्वाँख रु २ प्रति के.जी, प्रचतित कानुनले निषेधित गरे बाहेकका मरेका वा मारिएका पशुको हाड रु १ प्रति के.जी, प्रचतित कानुनले निषेधित गरे बाहेकका मरेका वा मारिएका पशुको सिंग रु २ प्रति के.जी, प्रचतित कानुनले निषेधित गरे बाहेकका मरेका वा मारिएका पशुको खूर रु २ प्रति के.जी, प्रचतित कानुनले निषेधित गरे बाहेकका मरेका वा मारिएका पशुको छाला (ठूलो) रु ३० प्रति गोटा, प्रचतित कानुनले निषेधित गरे बाहेकका मरेका वा मारिएका पशुको छाला (सानो) रु १५ प्रति गोटा का दरले जिवजन्तु संकलन तथा विक्री कर वापतको रकम असुल गर्ने ।</td></tr>
</table>

**ठेक्का सम्बन्धी शर्तहरुः-**

१. माथि उल्लेखित ठेक्काको बोलपत्र भर्दा कबोल रकम अंङ्क र अक्षर दुवैमा खुलाउनुपर्नेछ । अंङ्क र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख भएको रकमलाई मान्यता दिईनेछ । साथै उक्त आय ठेक्काहरुमा जुन कबोल अंङ्क बढी हुन्छ सो कबोलकर्ताको बोलपत्र स्वकृित गरिनेछ ।

२. ठेक्का अवधि यस चौ.सा.गढी. न.पा.सँग सम्झौता भएको मिति देखी २०७७ साल आषाढ मसान्त सम्म कायम रहनेछ । ठेक्कामा मालसामानको परिमाण (बार्षिक रुपमा उत्खनन् तथा संकलन गर्न सक्ने परिमाण तथा उत्खनन् तथा संकलन गर्न नपाईने ३ महिनामा खोलाबाट निकाली स्थानीय क्रसरहरुले जम्मा गरेको स्टक परिमाण समेत) यकिन भएको र परिमाण अनुसार कै ठेक्का अंक कायम गरिएकोले आवश्यक प्रकृया पूरा गरी उक्त परिमाण सो भन्दा कम अवधिमा पनि संकलन तथा विक्री गर्न सकिने छ । साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द हड्ताल आदिका कारण केही दिन काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षति पूर्ति दावी गर्न पाईने छैन । प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनले निषेध गरेको अवधिमा र श्रावण, भाद्र र अषाढ महिनामा नदी क्षेत्रबाट सामाग्री उत्खनन् गर्न पाइने छैन । तर विभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामाग्री विक्री गर्न सकिनेछ ।

३. माथि उल्लेखित सबै ठेक्काहरुको कबोल अंङ्कको थप मूल्य अभिवृद्धि कर (१३ प्रतिशत) राजस्व ठेक्का लिने फर्मले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा बुझाई सो को प्रमाण यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

४. धरौटी बापत कबोल गरेको अंङ्कको ५ प्रतिशत रकम यस कार्यालयको ने.बै.लि. चौतारा स्थित बैक धरौटी खाता नं. ०५७०३००००००००००३८७ मा नगद दाखिला गरेको सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको बाणिज्य बैंकको जमानत (बिड बण्डको सक्कल प्रति) बोलपत्रसाथ संलग्न गरी पेश गर्नुपर्नेछ । धरौटी वापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइनेछैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ ।

५. प्रचलित ऐन बमोजिम कबोल गरेको रकम एकमुष्ठ अग्रिम रुपमा बुझाएमा ५ प्रतिशत सम्म रकम छुट दिईनेछ । तर नियमानुसार लाग्ने मू.अ.कर प्रयोजनको लागि भने छुट दिइनेछैन । बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर वापतको रकम यस कार्यालयको ने.बैं.लि., चौतारा शाखामा रहेको मूल खाता नं. ०५७०३००००००००४००१००३ मा दाखिला गर्नुपर्नेछ ।

६. कारण जनाई वा नजनाई वोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. बोलपत्र दिंदा कुनै किसिमको शर्त मान्य हुने छैन । साथै रित नपुगी आएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

८. ठेक्कामा कुनै विवाद भएमा चौतारा साँगाचोकगढी नगर कार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।

९. उपरोक्त ठेक्काको लागि सूचना प्रकाशित भएको १५ औं दिन सम्म कार्यालय समय भित्र बोलपत्र खरिद गरि १६ औं दिनको १२ बजे भित्र यस कार्यालयमा शिलबन्दी बोलपत्र बुझाउनु पर्नेछ । साथै उक्त सूचना चौतारा साँगाचोकगढी नगरपालिकाको वेभ साइट **www.chautaramun.gov.np** मा राखिएको छ।प्राप्त बोलपत्रहरु सोही दिन दिनको १ वजे चौतारा साँगाचोकगढी नगरपालिकाको कार्यालयमा खोलिनेछ।

१०. बोलपत्र फारामहरु खरिद गर्ने, दाखिला गर्ने, खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमश सोको भोलिपल्ट सोही समयमा खरिद, दर्ता तथा खोल्ने कार्य गरिनेछ ।

११. यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त बोलपत्र साथ संलग्न गरिएको आय ठेक्का सम्बन्धी अन्य शर्तहरुका प्रत्येक बुँदाहरु यसै सूचनाका शर्त सरह लागु हुनेछ ।

१२. यस सूचना तथा बोलपत्र साथ संलग्न अन्य शर्तहरु पूरा नभएका बोलपत्रहरु मूल्यांकनमा समावेश गरिने छैन ।

१३. नेपाल सरकार तथा ३ नं प्रदेश सरकारबाट ढुंङ्गा, गिटी, बालुवा, स्लेट, ग्राभेल र रोडा घाटगद्दी एवं विक्री (स्वीकृत खानी क्षेत्र बाहेक) वापतको शुल्क(कर)मा हेरफेर गरेको अवस्थामा सो शर्तहरु ठेकेदारहरुले अनिवार्य रुपमा पालना गर्नुपर्नेछ ।प्रदेश सरकारबाट थपघट भएको करको अनुपातमा ठेक्का अंक निर्धारण गरिने छ । सो बमोजिम पेश गर्नुपर्ने किस्ता रकम वा बैंक ग्यारेन्टी सम्बन्धित ठेकेदारले बुझाउनुपर्नेछ ।

१४. अन्य कुराहरु यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको सूचना तथा अन्य प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

<u>आय ठेक्का सम्बन्धी अन्य शर्तहरुः</u>

१. बुँदा नं. ५ बमोजिम एकमुष्ठ रकम नबुझाएमा कूल कबोल अंङ्क मध्ये पहिलो किस्तामा बुझाउनुपर्ने रकम बाहेक बाँकी रकमको ठेक्का अवधिमा १ महिना थप भएको सम्मका चौतारा साँगाचोकगढी नगरपालिका कार्यालयले तोकेको निर्धारित ढाँचामा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गका वाणिज्य बैंकको जमानत (परफरमेन्स बण्ड) पेश गरे पश्चात मात्र ठेक्का सम्झौता गरी चलान पूर्जि दिइनेछ ।

२. कायम हुन आएको ठेक्का अंक रकमको भुक्तानी तालिका देहाय अनुसार हुनेछ ।

| किस्ता | किस्ता बुझाउनु पर्ने मिति | रकम रु. |
|---|---|---|
| पहिलो | ठेक्का स्वीकृत भएको मितिले ७ दिन भित्र | कबोल अंङ्कको २५ प्रतिशतले हुन आउने रकम |
| दोश्रो | २०७६ साल पौष मसान्त भित्र | कबोल अंङ्कको ४० प्रतिशतले हुन आउने रकम |
| तेस्रो | २०७७ साल जेष्ठ मसान्त भित्र | कबोल अंङ्कको ३५ प्रतिशतले हुन आउने रकम |

३. ठेक्का कबोल गर्ने ठेकेदारले चौतारा सांगाचोकगढी नगर कार्यपालिकाको कार्यलयले तोकेको शुल्क उठाउँदा प्रयोग गर्ने रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणित नगरेको रसिदबाट शुल्क उठाएको पाइएमा नियमानुसार कारवाही गरिनेछ ।

४. माथि शर्त नं. ३ मा उल्लेख गरिएका रसिदहरुबाट आम्दानी गरिएको रकम आय खातामा मू.अ.करको हिसाब निकाल्नको लागि रसिद नं. को क्रम अनुसार लेखाङ्कन गरी खाता र रसिद मासिक रुपमा अर्को महिनाको ७ गतेभित्र यस न.पा. कार्यलयमा बुझाउनु पर्नेछ ।

५. ठेकेदारले उठाउने कर शुल्क कार्यालयद्वारा तोकिएको संकलन केन्द्रमा नै उठाउनु पर्नेछ साथै दररेट सहित कार्यालयले तोकेको विवरण भएको साइनबोर्ड सबैले देखे गरी सम्बन्धित केन्द्रमा राखिएको हुनुपर्नेछ।

६. ठेक्कामा कुनै विवाद भएमा नगर कार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।

७. न.पा.लाई बुझाउँनु पर्ने बाँकी बक्यौता भएको वा कालो सुचिमा परेको व्यक्ति/फर्मको बोलपत्र स्वीकृत गरिने छैन ।

८. प्रत्येक ठेक्काको छुट्टाछुट्टै खाममा बोलपत्र शिलबन्दी गरी पेश गर्नुपर्नेछ ।

९. ढुङ्गा, गिटी, वालुवा, ग्राभेल, रोडा आदिको कर प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले निषेध गरेका स्थानमा बसी संकलन गर्न पाईने छैन ।

१०. यस नगरपालिकाको विकास निर्माण कार्यक्रम संचालन गर्ने क्रममा चौतारा साँगाचोकगढी न.पा.ले स्वयं वा अमानतमा सवारी साधन मार्फत वर्ष दिन भरी प्रयोग गरेको ढुङ्गा, गिटी, वालुवा, ग्राभेल, रोडा आदि र विदेशी दातृ निकायसँग भएको कर छुट सम्बन्धी सम्झौता भई संचालन हुने आयोजनामा ठेकेदारले कुनै कर लिन पाउने छैन ।

११. विज्ञापन कर तर्फ आफ्नो व्यवसाय परिचयको लागि मात्र १५ स्क्वायर फिट सम्म १ थान वोर्ड व्यवसायीले आफ्नो पसल वा व्यवसाय रहेको भित्ता पर्खाल वा अगाडिको भागमा राखे वापत ठेकेदारले विज्ञापन कर लिन पाउने छैन ।

१२. पार्किङ शुल्क तर्फ सेतो, निलो र पहेंलो नम्बर प्लेटका सवारी साधनमा र एम्बुलेन्स, सववहान तथा दमकल जस्ता अत्यावश्यक प्रकृतिका सवारी साधनमा कुनै किसिमको पार्किङ शुल्क लिन पाईने छैन।

१३. जमानी वापत बोलपत्रमा आफूले भरेको रकम अङ्क र अक्षरमा स्पष्ट उल्लेख भएको हुनु पर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

१४. तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनु पर्नेछ । अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा पेश गरिएको बैंक जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम असुल उपर गरिनेछ । सो मा ठेकेदारले कुनै किसिमको हर्जाना दावी गर्न पाउने छैन ।

१५. कुनै किसिमको परिस्थिती देखाई ठेक्का रकम मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुने छैन ।

१६. प्रचलित ऐन, नियम, कानुन, सम्झौता र सूचनाको शर्त विपरित कार्य गरेमा जुनसुकै अवस्थामा पनि कार्यालयले ठेक्का तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

१७. यस नगरपालिका भित्रका नदी, नालाबाट ढुंगा, गिट्टी, वालुवा, निकाली संकलन तथा विक्री गर्ने क्रममा नगरपालिका भित्रका पक्कीपूलको तल १००० मिटर क्षेत्रबाट निर्माण सामाग्री उत्खनन् गरी विक्री गर्न कानूनले पूर्ण रुपमा प्रतिवन्ध लगाएको हुँदा कर संकलकले सो कुरालाई पूर्णरुपमा ध्यान दिनु पर्नेछ । ढुंगा, गिट्टी, वालुवा उत्खनन तथा संकलन गर्दा स्वीकृत भएको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनले नक्सांकन गरेको क्षेत्रमा तोकिएको परिमाण उत्खनन गर्न पाईनेछ ।

१८. कार्यालय प्रमुख वा अख्तियार प्राप्त अधिकृतबाट प्रमाणित भएको बोलपत्रलाई मात्र मान्यता दिइनेछ ।

१९. यस कार्यालयमा पेश हुन आएका बोलपत्र बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि सो समयमा उपस्थित नभए पनि कार्यालयको प्रतिनिधिको रोहवरमा खोल्न सकिनेछ ।

२०. बोलपत्र पेश गर्दा पेश गर्ने फर्म वा कम्पनीको व्यवसायिक नविकरण प्रमाणपत्र, स्थायी लेखा नम्बर, मु.अ.कर प्रमाणपत्रको प्रतिलिपी र कर चुक्ता प्रमाणपत्र प्रतिलिपी संलग्न राखी पेश गर्नु पर्नेछ ।

२१. बोलपत्र फारम नियमानुसारको राजस्व रकम तिरी चौतारा साँगाचोकगढी नगर कार्यपालिकाको कार्यालय, चौतारा सिन्धुपाल्चोकबाट वा PPMO को वेभसाइट मार्फत डाउनलोड गरि पेश गर्न सकिनेछ ।

२२. ढुंगा, गिट्टी, बालुवा, रोडा आदिको संकलन तथा विक्रीका सम्बन्धमा जिल्ला स्तरीय र नगरस्तरीय अनुगमन समितिले दिएका सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ ।

२३. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून तथा ठेक्का स्वीकृति पश्चात गरिने सम्झौता अनुसार हुनेछ ।

२४. अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।